Fax: 4262744, 4262998
E-mail: rssmail@rss.com.np
rssadm@rss.com.np
acc@rss.com.np

रासस
RSS

# राष्ट्रिय समाचार समिति
# National News Agency
Central Office

Tele
G.M. :- 4262736
News Sec. :- 4262550
Reporting Sec :- 4262628
Account Sec :- 4262539
Adm. Sec :- 4262724
Computer Sec :- 4250673
P.O.Box :- 220

Singhdurbar Plaza
Kathmandu, Nepal

च.नं. 69/066/66

मिति :२०७६।०७।१४

श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
प्रेस तथा सूचना समन्वय शाखा
**सिंहदरबार, काठमाडौं ।**

विषय : **विवरण सार्वजनिक गरिएको सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा त्यस मन्त्रालयको प.सं.०७६।७७ च.नं. प्रेस २२/१८२ मिति २०७६।०६।२९ को पत्र प्राप्त भई व्यहोरा अवगत भयो । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सो को नियमावलीको नियम ३ बमोजिम सबै सार्वजनिक निकायहरूले हरेक ३/३ महिनामा अद्यावदिक गरी स्वतः प्रकाशन गर्नुपर्ने व्यवस्था भएबमोजिम मिति २०७६ साल साउन १ गतेदेखि असोज मसान्तसम्म यस समितिमा सम्पादित कामको विवरण अद्यावधिक गरी देहायको विवरण सार्वजनिक गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

(उत्तम सिल्वाल)
सूचना अधिकारी/कार्यकारी व्यवस्थापक

# राष्ट्रिय समाचार समिति (रासस)
रासस प्लाजा, काठमाडौँ
(२०७६ साल साउन १ गतेदेखि असोज मसान्तसम्म सम्पादित महत्वपूर्ण कामको विवरण)

## १. समाचार सेवातर्फ

| क्र.सं. | समाचार | साउन | भदौ | असोज | जम्मा |
|---|---|---|---|---|---|
| १ | नेपाली | २८८८ | ३००० | २३७५ | ८२६३ |
| २ | अङ्ग्रेजी | ८६८ | ८६२ | ७५५ | २४८५ |
| ३ | अन्तर्राष्ट्रिय (नेपाली) | ३३७ | ३३१ | २७४ | ९४२ |
| ४ | अन्तर्राष्ट्रिय (अङ्ग्रेजी) | ६७३ | ६९२ | ६३० | १९९५ |

## २. फोटो सेवातर्फ

| क्र.सं. | फोटो | साउन | भदौ | असोज | जम्मा |
|---|---|---|---|---|---|
| १ | राससकर्मीबाट सम्प्रेषित | १५६० | १७१९ | १५९५ | ४८७४ |
| २ | अन्तर्राष्ट्रिय समाचार संस्थाबाट प्राप्त | ५५९ | ८४५ | ७४४ | २१४८ |

## ३. अडियो सेवातर्फ

| क्र.सं. | अडियो | साउन | भदौ | असोज | जम्मा |
|---|---|---|---|---|---|
| १ | अडियो क्लिप | २३३ | २६९ | २६४ | ७६६ |
| २ | अडियो रिपोर्ट | ८ | ६ | १० | २४ |

## ४. नीति, योजना तथा बजेट तर्जुमातर्फ

१. आर्थिक वर्ष २०७६/७७ को प्रस्तावित नीति, योजना तथा बजेटका सन्दर्भमा समितिअन्तर्गतका विभाग तथा प्रदेश एवम् अन्य कार्यालयका प्रतिनिधिसँग आवश्यक छलफल गरेको। त्यस्तै तालुक सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र राष्ट्रिय योजना आयोगमा आयोजित चरणबद्ध छलफलमा सक्रिय सहभागी भएको।

२. समितिको आर्थिक वर्ष २०७६/७७ को बजेट कार्यान्वयनको अवस्था, वार्षिक प्रगतिलगायतका विषयमा समीक्षा गरी अवलम्बन गर्नुपर्ने नीति तथा कार्यक्रमका विषयमा सरोकारवाला पक्षसँग छलफल भएको।

३. राससका स्थानीय समाचारदाता (स्ट्रिङ्गर) को एक वर्ष अवधिको नियुक्तिको म्याद हरेक असार मसान्तमा समाप्त हुने नीतिगत व्यवस्था भएको सन्दर्भमा आ.व. २०७६।७७ का लागि औचित्य र आवश्यकताका आधारमा मुलुकका ७७ वटै जिल्ला र नेपाली समुदायको उल्लेख्य उपस्थित भएका विदेशमा समेत गरी १५० भन्दा बढी स्ट्रिङ्गर नियुक्त गरेको।

४. राससको चालु आर्थिक वर्षको पहिलो चौमासिकभित्र एक थान चार पाङ्ग्रे सवारी साधन खरिद गर्ने कार्यक्रम रहेबमोजिम अध्यक्षज्यूको प्रयोगका लागि एक थान सवारी साधन (नेक्सन) खरिद गरेको।

५. **भौतिक सम्पत्तिको संरक्षण/सदुपयोगतर्फ**

१. रासस तुलसीपुर कार्यालय हाताभित्र रहेको जग्गामा व्यावसायिक सटर, कवल निर्माण कार्य अन्तिम चरणमा पुगेको। यही कात्तिक महिनाभित्र टेण्डर आह्वान गरी भाडामा लगाउने कार्यक्रम रहेको।

२. सुदूरपश्चिम प्रदेश सरकारको सहयोगमा कञ्चनपुर जिल्लास्थित रासस कार्यालय भवन भीमदत्तनगर, महेन्द्रनगरमा करिब रु. १ लाखको आर्थिक सहयोगमा प्राविधिक तथा भौतिक सहयोग प्राप्त भएको।

३. रासस केन्द्रीय कार्यालय परिसरमा निर्माण भइरहेको भवन (समाचार ब्लक) को निर्माण कार्य ढिला भइरहेकाले भवन निर्माण कार्यमा संलग्न राष्ट्रिय पुनःनिर्माण प्राधिकरणअन्तर्गतको केन्द्रीय आयोजना कार्यान्वयन इकाइ, बबरमहल र निर्माण व्यवसायी श्री शिद्धबाबा कन्स्ट्रक्सन प्रा.लि.को प्रबन्ध निर्देशक श्री दीपक कार्कीसँग चरणबद्ध रुपमा छलफल गरेको।

४. रासस सञ्चालक बोर्डले समितिको स्वामित्वमा भद्रपुर, झापामा रहेको जग्गामा मल्टिप्लेक्स निर्माण गर्ने निर्णय गरेबमोजिम उक्त जग्गाभित्र रहेको सटर, कवल र भवनजस्ता संरचनामा लामो समयदेखि पसल, व्यवसाय गर्दै आउनुभएका व्यवसायीसँग भएको द्विपक्षीय सम्झौता नवीकरण नगरी सटर, कवल तथा

भवन खाली गरिदिन पत्राचार गरेको । उक्त जग्गामा मल्टिप्लेक्स निर्माणका लागि जग्गाको हालसाविक गर्नुपर्ने कानुनी व्यवस्था भएबमोजिम राससको स्वामित्वमा भद्रपुर, झापामा रहेको जग्गाको हालसाविक गरेको ।

६. **प्राविधिक सेवातर्फ**

१. परीक्षणमा रहेको रासस न्यूजलाइन सफ्टवेरलाई सेवाग्राहीको सुझावबमोजिम अद्यावधिक गरेको ।

२. राससको स्थापनाकालदेखिका समाचार सामग्रीलाई विद्युतीय अभिलेखीकरण गर्ने क्रममा विशेषज्ञ सेवा लिई अभिलेखीकरणको कामलाई निरन्तरता दिएको ।

३. चिनियाँ राष्ट्रपति सी चिनफिङको २०७६ साल असोज २५ र २६ गते सम्पन्न राजकीय भ्रमणसम्बन्धी गतिविधिको फोटो सङ्कलनका लागि टेलिलेन्सको आवश्यक भएकाले प्राविधिक तथा फोटो शाखाको सिफारिसबमोजिम २ (दुई) थान टेलिलेन्स र फोटो सम्पादन शाखामा २७ इन्चको ३ (तीन) थान मोनिटर खरिद गरेको । त्यस्तै आर्थिक वर्ष २०७६।७७ सालको पहिलो चौमासिकभित्र ल्यापटप र डेक्सटप कम्प्युटर तथा प्रिन्टरको खरिद प्रक्रिया अघि बढेको ।

७. **सेवाग्राही विस्तारतर्फ**

१. न्यूजलाइन सफ्टवेर सञ्चालन भएपछि सेवाग्राहीको सङ्ख्या उल्लेखनीय रुपमा वृद्धि भएको । २०७६ साल असोज मसान्तसम्म ३३३ सेवाग्राही रहेको ।

८. **कानुनी व्यवस्थातर्फ**

१. रासस कर्मचारी सेवा, शर्त विनियमावली, २०५६ संशोधन प्रक्रियाअन्तर्गत लोकसेवा आयोगबाट निर्णय भई प्राप्त मस्यौदा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा स्वीकृतिका लागि पेश गरेको ।

२. लोक सेवा आयोगको सामन्य सिद्धान्तलाई अङ्गिकार गरी राससको विभिन्न तह र पदको परीक्षाको लागि आवश्यक पाठचक्रमको मस्यौदा तयार गरेको । पाठचक्रम स्वीकृतिका लागि रासस सञ्चालक समितिको आगामी बैठकमा पेश गर्ने कार्यक्रम रहेको ।